लुम्बिनी प्रदेश सरकारले पछिल्लो चरण स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएर सुधारको प्रयास नगरेको होइन। तथापि, मातृमुत्युदर न्यूनीकरणमा अनेकन चुनौतीहरू कायमै छन्। लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार लुम्बिनी प्रदेशमा मातृमृत्युदरलाई कम गर्न विभिन्न प्रयासहरू भइरहेका छन्। प्रदेश सरकारद्वारा आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्थानीय तहसँगको समन्वय र सहकार्यलाई पनि जोड दिइएको छ। आवश्यकताको आधारमा चिकित्सक र उपकरण उपलब्ध गराउनेलगायत दुर्गमका अस्पतालमा अनिवार्य विशेषज्ञ सेवा प्रदान गर्ने प्रयास गरिएको छ।

लुम्बिनी प्रदेशले चालु आर्थिक वर्षमा महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। समुदायस्तरबाट कुपोषित बालबालिका खोजेर उपचारसम्म ल्याउने लगायतका कार्य गरिरहेको छ। मातृमृत्यु बढी भएका स्थानीय तहहरूमा विशेष आमा सुरक्षा कार्यक्रम, स्वास्थ्य क्लिनिक सञ्चालन, आपत्कालीन अवस्थाका गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सेवाजस्ता कार्यक्रम सञ्चालन गरिएको छ। सरकारले चाहेरमात्रै मातृमृत्युदर कम हुन्छ भन्ने सुनिश्चित छैन। त्यसका लागि सरकारसँग उत्कृष्ट कार्य योजना, इच्छाशक्ति, तदारुकता र कार्यान्वयन गर्ने टिम चाहिन्छ। मातृमृत्यु कम गर्न सर्वप्रथमतः स्थानीय सरकार, स्वास्थ्य सम्बद्ध निकाय, कार्यालय र नागरिकबीचको साझा बुझाइ र हातेमालो हुन पनि आवश्यक छ। हरेक नागरिक आफ्नो र परिवारको स्वास्थ्यप्रति सचेत र जिम्मेवार हुन पनि जरुरी छ। साथै, स्वस्थ आहारविहार र विचारमा पनि ध्यान दिन अनिवार्य छ, अनिमात्रै स्वस्थ नागरिक र स्वस्थ समाज निर्माण हुन सक्छ। *रासस*

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ। अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ। वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन्। आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन। कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ। त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन। यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।

# कुलमान बर्खास्तीविरूद्धको जनआक्रोशको सन्देश



■ विविशा पौडेल

नेपालमा जब कुनै संस्थागत सुधार हुन थाल्छ, त्यसलाई निरन्तरता दिनुभन्दा उल्टै अस्थिर बनाउने प्रवृत्ति देखिँदै आएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई सरकारले पदबाट हटाएपछि फेरि एकपटक यो प्रवृत्ति सतहमा आएको छ। घिसिङको नेतृत्वमा विद्युत् प्राधिकरणले ऐतिहासिक सुधार गरेको थियो। दशकौंसम्म देशलाई सताएको लोडसेडिङ हटाउनु, विद्युत् चोरी नियन्त्रण गर्नु, नेपाललाई ऊर्जामा आत्मनिर्भर बनाउने योजनाहरू अगाडि बढाउनुजस्ता कार्य गरेका थिए घिसिङले। तर, यस्तो कुशल नेतृत्वलाई पदमुक्त गर्नु भनेको नेपालमा दीर्घकालीन सुधार असम्भव बनाउने संकेत हुन पुगेको छ।

घिसिङको बर्खास्तीको निर्णयसँगै देशभर चर्को विरोध प्रदर्शन भएको छ। जनतामा एउटा आक्रोश उत्पन्न गराएको छ। माइतीघर मण्डलदेखि लिएर देशका विभिन्न सहरमा आक्रोशित रूपमा जनता सडकमा उत्रेका छन्। सामाजिक सञ्जालमा पनि उनको पुनर्बहालीको माग गर्दै सरकारविरुद्ध आक्रोश पोख्ने क्रम जारी छ। जनताको आक्रोशले सरकारको निर्णय पुनर्विचार गराउन सक्छ वा सक्दैन भन्ने बहस पनि सुरु भएको छ।

नेपालमा लामो समयदेखि ऊर्जा क्षेत्रको संकटलाई चपेटाबाट अघि बढाउन कुलमानको योगदान महत्त्वपूर्ण रहेको छ। सन् २००६-१६ को अवधिमा दैनिक १२ देखि १८ घण्टासम्म लोडसेडिङ हुने अवस्था थियो। त्यस समयमा उद्योगहरू ठप्प हुने, व्यवसायीहरू निराश हुने, सर्वसाधारण जनताले बिजुली नपाएर दैनिक जीवनयापनमा कठिनाइ झेल्नुपर्ने स्थिति थियो। सरकार परिवर्तन हुँदै गए पनि ऊर्जा क्षेत्रको संकट समाधान गर्न सरकारले कुनै ठोस योजना अघि सारिएको थिएन।

तर, कुलमान कार्यकारी निर्देशक बनेपछि उनले लोडसेडिङ अन्त्यका लागि क्रान्तिकारी कदम उठाए। उनले प्रभावकारी ऊर्जा व्यवस्थापन प्रणाली लागू गरे, विद्युत् चुहावट रोक्न कडा नीति अपनाए र उत्पादन तथा वितरण प्रणाली सुधार गर्न बल दिए। नतिजास्वरूप नेपाल विद्युत् प्राधिकरण ३६ अर्ब रूपैयाँ घाटाबाट नाफामा जान सफल भयो। उनको प्रमुख उपलब्धिहरू लोडसेडिङ अन्त्य, विद्युत् चोरी नियन्त्रण, जलविद्युत् आयोजनाहरूको गति वृद्धि, विद्युत् व्यापारमा सुधार र प्राधिकरणलाई नाफामा लैजानुलगायत हुन्।

उनले उत्पादन, आपूर्ति र व्यवस्थापनमा सुधार गरेर नेपाललाई लोडसेडिङमुक्त बनाए। उनले विद्युत् चुहावट कम गर्दै राजस्व संकलन वृद्धि गर्न पनि सहयोग गरेको पाइन्छ। साथै उनले लामो समयदेखि अलपत्र परेका जलविद्युत् परियोजनाहरूलाई अघि बढाए। भारतसँग ऊर्जा व्यापार बढाएर नेपाललाई निर्यातमुखी बनाउने पहल गरे। कुनैबेला लोडसेडिङको मारमा रहेको नेपाललाई भारतमात्रै होइन, तेस्रो मुलुक बंगलादेशसम्म बिजुली निर्यात गर्ने अवस्थामा पुर्‍याए।

यी उपलब्धिहरूको पृष्ठभूमिमा सरकारको निर्णयले जनतामा आशंका उब्जाएको छ। आखिर किन हटाइयो कुलमानलाई ? भन्नेमा जनताको सरकारमाथि प्रश्न छ।

सरकारले कुलमानलाई हटाउने औपचारिक कारणहरू सार्वजनिक गरेको छ। तर, राजनीतिक वृत्त र विश्लेषकहरू भित्रभित्रै अन्य कारणहरू औंल्याइरहेका छन्। साथै सरकारमै भएका दलका नेताहरूले कुलमानलाई हटाउने निर्णय ठीक नभएको भन्दै विरोध जनाएका छन्। तर सरकारको तर्फबाट देखाइएका कारणहरूमा कार्यसम्पादन मूल्यांकन प्रतिवेदन समयमै नबुझाएको, भारतसँग विद्युत् व्यापार सम्झौता सरकारको स्वीकृतिविना गरेको तथा मन्त्रालयका निर्देशनहरूको बेवास्ता गरेको भन्ने नै मुख्य छन्। तर यी कारणहरू जनताको बुझाइअनुसार केवल बहानामात्र हुन पुगेको छ। मुख्य कारण भनेको कुलमानले डेडिकेटेड र ट्रंकलाइन सुविधा लिई त्यसको अर्बौं बिल नतिरेका उद्योगीहरूमाथि कडा नीति अपनाउनु र विद्युत् माफियाहरूको चलखेल रोक्नु रहेको प्रस्ट छ।

कुलमानलाई हटाएपछि सडकमा सर्वसाधारणको व्यापक प्रदर्शन भएको छ। राजधानीका साथै विभिन्न जिल्लामा आक्रोशितरूपमा हजारौं मानिस विरोधमा उत्रिएका छन्। युवादेखि वृद्धवृद्धासम्म सरकारको उक्त निर्णयको विरोधमा देखिन्छन्। सामाजिक सञ्जालमा पनि कुलमानलाई पुनः नेतृत्वमा फर्काउन माग अभियान सुरु भएको छ। आफूलाई गैरकानुनीरूपमा हटाइएकोले पुनर्बहाली गराइपाउँ भनी कुलमानले सर्वोच्च अदालतमा रिट हालेका छन्। उक्त रिटको प्रारम्भिक पेसी आजलाई तोकिएको छ। अदालतले उनलाई पुनर्बहाली गर्ला या नगर्ला त्यो प्रतीक्षाकै विषय बनेको छ।

नेपालमा कुनै संस्थागत सुधार हुनेबित्तिकै त्यसलाई निरन्तरता दिन कठिन हुने प्रवृत्ति परम्पराजस्तै भएको देखिन्छ। नेपाल वायुसेवा निगम, नेपाल टेलिकम, नेपाल राष्ट्र बैंकलगायतका संस्थाहरूमा पनि सरकारको हस्तक्षेप देखिएको छ। नेपाल वायुसेवा निगममा सुधारका प्रयासहरू पटक-पटक हुदा पनि राजनीतिक हस्तक्षेपका कारण असफल भएका छन्। त्यस्तै नेपाल टेलिकम प्रतिस्पर्धी सेवाहरू आउँदा सुधार आवश्यक भए पनि राजनीतिक हस्तक्षेपले टेलिकमको सेवामा सुधार आउन सकेको छैन। नेपाल राष्ट्र बैंकको स्वायत्तता सुनिश्चित गर्नुपर्नेमा सरकारबाट बारम्बार हस्तक्षेप भइरहन्छ।

कुलमानको बर्खास्तगीले पनि यही प्रवृत्तिलाई दोहोर्‍याएको छ। सरकारले जनतामा निराशा थप्ने काममात्र गरेको छ। अहिले देशको स्थिति हेर्दा स्वतन्त्र र सक्षम नेतृत्वलाई प्रोत्साहित गर्न जरुरी छ। जब कुनै सक्षम नेतृत्व हटाइन्छ, त्यसविरुद्ध जनआवाज उठ्नु स्वाभाविक हो। त्यसकारण व्यावसायिकरूपमा सफल व्यक्तिहरूलाई टिकाइराख्न आवश्यक छ। सम्पूर्ण नेपालीले रुचाएको व्यक्ति कुलमानको बर्खास्ती कुनै सामान्य निर्णय नहुने सन्देश जनआक्रोशले प्रस्ट दिएको छ।

# ८९ वर्षमा नागरिकता पाएपछि...

**बाजुरा–** यहाँको बूढीगंगा नगरपालिका-८ की रंगी नेपालीले ८९ वर्षको उमेरमा नागरिकता प्राप्त गरेकी छन् । प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले नेपालीलाई बिहीबार नेपाली नागरिकता प्रदान गरे । उनलाई पहिलेदेखि नेपाली नागरिकता दिलाउन प्रयास गरिए पनि कानुनी जटिलताका कारण नसकेको सो वडाका वडाध्यक्ष रमेश रावलले बताए ।



वडाध्यक्ष रावलका अनुसार नेपालीको एक छोरीले विवाह गरेर गएपछि साहाराविहीन बनेकी उनी नागरिकता नहुँदा नगरपालिकाबाट प्राप्त सेवा सुविधाबाट वञ्चित हुनुपरेको थियो । वडाध्यक्ष रावलले ती वृद्धाको आफन्त कोही नभएपछि आफैंले सनाखत गरेर नागरिकता दिलाउन सहयोग गरेको बताए ।

नागरिकता पाएपछि नेपालीले खुसी व्यक्त गरेकी छन् । आफ्नो सबै थोक नाताले भाइ पर्ने रमेश रावल भएको प्रतिक्रिया उनले दिइन् । 'वडा अध्यक्षकै कारणले मैले आज नागरिकता पाएँ,' नेपालीले भनिन् ।

उनको श्रीमान् बितेको २२ वर्ष भए पनि हालसम्म कानुनी प्रक्रिया नपुगेपछि नागरिकताबाट वञ्चित भएकी थिइन् । नेपाली नागरिक भएको र स्थायी बसोबास गर्दै आएकी वृद्धालाई कानुनी प्रावधान पूरा गरी बिहीबार नागरिकता दिएको प्रमुख जिल्ला अधिकारी पाध्याले जानकारी दिए ।

जिल्लाका दुर्गम बस्तीमा कतिपय नगारिकले समयमै नागरिकता नपाउँदा समस्या झेल्दै आएकाले प्रशासनमा वडाबाट सिफारिस भएर आएका नागरिकलाई कानुनीरूपमा समस्या नआउनेगरी नागरिकता दिने गरेको उनको भनाइ छ । *रासस*

# चम्घाका घरघरमा खानेपानी धारा

**नवलपरासी (प्रस)–** घरघरमा खानेपानीको धारा पुगेसँगै नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको बुलिङटार गाउँपालिका-३, चम्घाका स्थानीय खुसी भएका छन् । पहाडी क्षेत्र चम्घाका स्थानीयले लामो समयदेखि खानेपानीको समस्या झेल्दै आएका थिए । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँ, एकाइ कार्यालय नवलपुरमार्फत लिफ्टिङ गरेर खानेपानी घरघरमा पुऱ्याएपछि त्यो समस्या समाधान भएको छ ।



डोको र गाग्री बोकेर पानी लिन मुहानमा जानुपर्ने अवस्थाबाट घरमै खानेपानीको धारा आउँदा स्थानीय सत्रमाया कुमाल खुसी छिन् । 'डोकोमा बोकेर ल्याएको पानी खाइन्थ्यो, गाग्री बोकेर हैरान हुन्थ्यौं । कपडा बोकेर धुन लैजानुपर्ने, पानीका लागि पालो कुर्नुपर्ने अवस्था थियो । पालो कुर्दा खेताला जान पनि अबेर हुन्थ्यो, धेरै दुःख खेप्यौं,' उनले भनिन्, 'अचेल त घरमै खानेपानीको धारा आएकाले, चाहिएको बेला थाप्यो, खायो, लुगा धोयो । त्यही भएर गाग्री पनि रित्तो छ, पानी भरेर राखिरहनुपर्ने झण्झट छैन ।'

बुद्धि विकास प्राविका प्रधानाध्यापक श्रीधर कुमाल पनि विगतमा खानेपानीको सुविधा नहुँदा विद्यार्थीले पानी बोक्नुपर्ने हुँदा पठनपाठनमा पनि असर परेको स्मरण गर्छन् । 'यहाँ बासिन्दाले खानेपानीको समस्या त कति झेले झेले ! विद्यालयमासमेत खानेपानी र सरसफाइमा समस्या थियो, पानी भर्न जाँदा विद्यार्थीको पठनपाठन नै प्रभावित हुने अवस्था पनि आउँथ्यो तर हाल खानेपानी योजना सम्पन्न भएपछि त्यो समस्या टरेको छ । जीवनयापन सहज भएको छ,' उनले भने ।

खोक्रेनी पँधेरोस्थित मुहानबाट खानेपानी लिफ्टिङ गरेर चम्घा र ददरालीका १२० परिवारलाई खानेपानी वितरण गरिएको चम्घा ददराली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष खड्कबहादुर कुमालले जानकारी दिए । मोटरबाट पानी तानेर गाउँको माथिल्लो भागमा निर्माण गरिएको ट्यांकीमा जम्मा गर्ने र त्यसैबाट घरघरमा वितरण गर्ने काम भइरहेको उनले बताए । आयोजना बनेपछि विगतको समस्या समाधान भएको र थप घरमा समस्या समाधानको प्रयास भइरहेको अध्यक्ष कुमालको भनाइ छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँ, एकाइ कार्यालय नवलपुरमार्फत यहाँ खानेपानीको बहुवर्षीय योजना सञ्चालन गरी हालै घरघरमा पानी पुऱ्याइएको एकाइ कार्यालय नवलपुरका प्रमुख महेन्द्र आचार्यले बताए । गण्डकी प्रदेश सरकारको हरेक घरमा खानेपानीको धारा पुऱ्याउने लक्ष्यअनुसार चम्घामा करिब एक करोड रूपैयाँको लागतमा लिफ्टिङ खानेपानी योजना निर्माण गरिएको उनले बताए ।

लिफ्टिङ खानेपानी योजनाबाट मुहान व्यवस्थापन, रिजर्भ ट्यांकी निर्माण, पाइप विस्तार मिटर जडान, उपभोक्ताको घरमा धारा जडानलगायत कार्य गरिएका छन् ।

## वेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८१/१२/१५)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का संकेत नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| 1. | BED/NCB/FTW/081/82-22, Construction of Rautela Padmarga, Bedkot-08, Kanchanpur | Dilashaini Construction, Bheemdatt Municipality-2, Kanchanpur | NRS. 48,90,110.02 | |

प्रमुख प्रशासकीय अधिकृत

## Jayaprithvi Municipality
### Office of The Municipal Executive
**Chainpur, Bajhang**

### Invitation for Electronic Bids

**Date of publication: 2081/12/15**

**Method of Procurement: NCB , Eligibility Procedure**

1. Jayaprithvi Municipality, Bajhang invites electronic bids for following works from Nepalese eligible bidders for following works under NCB procedures. The estimated amount and the summary for the work is given below.

| S N | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT and PS] | Bid Security amount | Bid Security Validity Period | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-NCB-10-2081/082 | Construction of Pyurkhuli Sichai Pokhari Janapa-2,3 | 2138773.21 | 65000 | 120 days | 3000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the *Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang*, Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 9868861828, 9858490254 or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposit for Bid Fee | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Account Name | JAYAPRITHIVI NA.PA.(GA-1-1)-AANTARI | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number: | 4110100301010004 | Account Number | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Bank | Rastriya Banijya Bank | Revenue Head | |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | Last Date of Submission | Bid Opening |
|---|---|---|
| Date and time | Date and Time | Date and Time |
| 2082/1/14 12:00 | 2082/1/14 12:00 | 2082/1/14 14:00 |

**Chief Administrative Officer**

## युएइमा रोजगार
कम्पनी : ASI SEA CARGO SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321164 | चलानी नं. ६०२३५२३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Male | 4 | 0 | 800 | २९,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stevedores | 10 | 0 | 800 | २९,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1287/074/75

**KOPERASI INTERNATIONAL PVT. LTD.**
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9848172662, Email: Koperasi227@gmail.com

## कतार/बहराइनमा रोजगार
कम्पनी : HYTK RYLASTYT

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 310486 | चलानी नं.६०२२५१२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1400 | ५२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaning Worker | 0 | 4 | 1000 | ३७,५७५ | | | | | | | |

कम्पनी : HUNGRY FISHERMAN restaurant AND CAFE

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 320548 | चलानी नं.६०२३५३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 9 | 0 | 160 | ५८,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 6 | 0 | 120 | ४३७४० | | | | | | | |
| 3 | Reservation & Ticketing Officers | 0 | 1 | 160 | ५८,३२० | | | | | | | |
| 4 | Waitress | 0 | 3 | 130 | ४७,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## कतारमा रोजगार
कम्पनी : MULTIPLEX CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 310973 | चलानी नं. ६०२२५५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin. Director | 1 | 0 | 4600 | १७२,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४५,०९५ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1500 | ५६,३६५ | | | | | | | |
| 4 | Gen. Clean Worker | 4 | 3 | 1000 | ३७,५७५ | | | | | | | |
| 5 | Labor Services | 1 | 0 | 1000 | ३७,५७५ | | | | | | | |
| 6 | Labour | 3 | 0 | 1000 | ३७,५७५ | | | | | | | |
| 7 | Meson | 5 | 0 | 1200 | ४५,०९५ | | | | | | | |
| 8 | Plumber | 3 | 0 | 1200 | ४५,०९५ | | | | | | | |

कम्पनी : Citizen Contracting Cleaning and Services

पूर्व स्वीकृति मिति : २०८०/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 301566 | चलानी नं. ६०२१६४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 2 | 0 | 3000 | ११२,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2000 | ७५,१५५ | | | | | | | |
| 3 | Foreman | 17 | 0 | 2500 | ९३,९४५ | | | | | | | |
| 4 | General Clean Worker | 27 | 0 | 1000 | ३७,५७५ | | | | | | | |
| 5 | Labour | 12 | 0 | 1000 | ३७,५७५ | | | | | | | |
| 6 | Labour Services | 9 | 0 | 1000 | ३७,५७५ | | | | | | | |
| 7 | Painter | 7 | 0 | 1200 | ४५,०९५ | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | ९३,९४५ | | | | | | | |
| 9 | Supervisior | 5 | 0 | 2500 | ९३,९४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Haif Hussein Al-qahtani Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321139 | चलानी नं.६०२३५२७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ६५,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNITED NEBRAS COMPANY FOR GENERAL CONTRACTING LTD

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 319169 | चलानी नं.६०२३३३८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 4 | 0 | 2500 | ९१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६५,९२५ | | | | | | | |

कम्पनी : Mobile Support Contracting Co.ltd.is A One-person Company

पूर्व स्वीकृति मिति : २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 297273 | चलानी नं.६०२१२२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1000 | ३६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ५६,११० | | | | | | | |

कम्पनी : Support Engines Contracting Co. Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०२/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 306352 | चलानी नं.६०२२१०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६५,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ithmaar Agricultural Company

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 317935 | चलानी नं.६०२३२१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 8 | 0 | 1000 | ३६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAS Manpower Company

पूर्व स्वीकृति मिति : २०८१/०१/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 303614 | चलानी नं.६०२१८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 50 | 0 | 1800 | ६५,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Sami Abdul Rahman Al Luhaidan and Moaz Abdul Rahman Al Luhaidan Company

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 309518 | चलानी नं.६०२२४१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 25 | 0 | 1800 | ६५,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Hayat Cleaning Company is a one person company

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 317263 | चलानी नं.६०२३१४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Windows Cleaner | 20 | 0 | 1000 | ३६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

## युएईमा रोजगार
कम्पनी : MKP VELAN ELECTROMECHANICAL CONTRACTING CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321216 | चलानी नं. ६०२३५२७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Masons | 2 | 0 | 1200 | ४४,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 3 | Plumber | 2 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 4 | Steel Fixer | 2 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 5 | Tile Layer | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |

कम्पनी : S K M Technical Works LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321111 | चलानी नं. ६०२३५२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Brick Mason | 1 | 0 | 1200 | ४४,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Tile Layer | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 3 | Bricklayer | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 4 | Building Painter Assistant | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 5 | Carpenter | 2 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 6 | Concrete Masons | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 7 | Construction Carpenter General | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 8 | Electrician Assistant | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 9 | General Electrician | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 10 | Helper | 2 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 11 | Insulation Worker | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 12 | Painter | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 14 | Plumber Assistant | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 15 | Scaffolder | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 16 | Steel Fixers | 2 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 17 | Stone Mason | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 18 | Stone Worker | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 19 | Tile Layer. | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |
| 20 | Tile Polisher | 1 | 0 | 1200 | ४४,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

# बसन्त नेपाली समाजकै कथा होः प्रकाश सपुत




**काठमाडौं (प्रस)–** गायक, अभिनेता तथा निर्देशक प्रकाश सपुतले फिल्म 'वसन्त' नेपाली समाजकै कथा आफूले प्रस्तुत गरेको बताएका छन्। साथै फिल्ममा कहिल्यै पुरानो नहुने कथा राखिएको उनले दाबी गरे।

फिल्मले २०६० देखि २०६४ सम्मको एउटा समाजको कथा उठाएको उनको भनाइ थियो। 'नेपालमा राजनीतिक हिसाबले विभिन्न परिवर्तनका आवाजहरू उठिरहेको थियो। आन्दोलनहरूले ठुल्ठुलो स्वरूप लिइरहेको थियो। युद्धसमेत चलेको त्यो समयको कथा 'वसन्त'ले भन्छ', उनले भने, 'फिल्मले कथा एउटा उठाए पनि समाजका विभिन्न जातजाति, भाषा र जीवनशैलीलाई समेत देखाउनेछ।'

बिहीबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा फिल्मले जातीयताको कथा मात्र नभनेको, बरु समाजको हरेक पात्रलाई जोड्ने काम गरेको सुनाए। 'फिल्मले समाजको सबै रंगलाई जोडेकोले यो सामाजिक फिल्म हो,' सपुतले भने, 'यसले हरेक नेपालीलाई कनेक्ट गर्छ।' उनले फिल्म ८० प्रतिशत रियालटी बेसमा भएको पनि जानकारी दिए। 'कथाको त्यो पात्र म पनि हुन सक्छु र अन्य कोही। त्यो थाहा पाउन फिल्म हेर्नुपर्छ', उनले थपे। जसरी 'मुनामदन' जुन समयमा पनि नयाँ र लोकप्रिय नै लाग्छ, आजको समाजलाई पनि 'वसन्त'को कथाले त्यस्तै फिल दिने उनको दाबी छ।

हामीले कस्तो समाज देख्दै आयौँ, कस्तो शिक्षा लिँदै आयौँ, कस्तो विभेद भोगेर हुर्कियौँ, हाम्रा आमाहरूले कस्तो खालको लैंगिक विभेद भोग्दै आउनुभयो र त्यो समयमा चलेको क्रान्ति अथवा युद्ध तथा आन्दोलनले हाम्रो जनजीवनमा कस्तो प्रभाव पार्‍यो, त्यो सबै फिल्मले बुझाउने सपुतले बताए। कार्यक्रममा फिल्मकी अभिनेत्री स्वस्तिमा खड्काले कलाकारका लागि हरेक फिल्म विशेष हुने बताइन्। उनले फिल्ममार्फत आफूले बाचेको र बेग्लै अनुभव गरेको समय फरक तवरबाट अनुभव गर्न पाएको सुनाइन्। 'फिल्मले जुन समयको समाजको परिवेशलाई चित्रण गर्न खोजेको छ,' खड्काले भनिन्,' त्यो समयमा म सानी थिएँ। त्यो वेलाका घटना र समयलाई त्यति बुझ्न सक्ने भएको थिइनँ।'

उनले थपिन्, 'अनि फेरि जुन परिवेशमा म हुर्किएँ, त्यो समयमै भए पनि मैले गाउँको अनुभव र समाज देख्न पाएको थिइनँ, जुन मलाई 'वसन्त'ले फिल्ममार्फत, अभिनयमार्फत जिउन त्यो समाज देख्न दियो।' 'वसन्त' यही चैत २२ गते शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ। फिल्म सपुतले निर्देशक गरेका हुन्। निर्देशनमा उनको यो डेब्यु फिल्म हो।

# 'जन्ते बाख्रो'को फस्टलुकसँगै प्रदर्शन मिति घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'जन्ते बाख्रो'को प्रदर्शन मिति घोषणा गरिएको छ।

अभिनेता सौगात मल्ल, आशिफ शाह र अभिनेत्री गरिमा शर्माको मुख्य भूमिका रहेको फिल्मले फस्टलुक सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो। सार्वजनिक पोस्टर फिल्म प्रदर्शन मिति आगामी जेठ २३ भनिएको छ।

हिमालको काखमा सेटअप गरिएको पोस्टरमा आशिफ र गरिमालाई रोमान्टिक अवतारमा प्रस्तुत हुँदा सौगातले निराश भावमा देखिएका छन्।

उनीहरूको बिचमा चस्मा लगाएको बाख्रोलाई देखाइएको छ। निर्माण टिमले यसलाई बेहुली भित्र्याउने दिन जन्तीलाई खुवाइने भोजलाई जन्ते बाख्रो रूपमा चित्रण गर्न खोजेको बुझिन्छ।

सिमोस सुनुवारको निर्देशन रहेको फिल्ममासौगात, आशिफ र गरिमासँगै रमा थपलिया, लोकेन्द्र लेखक, कमल देवकोटा, विशाल पहाडी, रुशा न्यौपाने, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतम, कुशल गजमेर लगायतका कलाकारको अभिनय छ।

मुईन इन्टरटेनमेन्टको प्रस्तुति रहेको 'जन्ते बाख्रो' सामाजिक कमेडी कथावस्तुमा निर्माण भएको हो।

प्रदीप भारद्वाजको कथा, पटकथा र संवाद लेखन रहेको फिल्मका निर्माता सन्तोष गौतम हुन्।


## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**

## नदी/खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री कार्यका लागि E-BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/१५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) र दफा ६२ (क) बमोजिम यस नगरपालिकाको अध्यावधिक I.E.E. प्रतिवेदनले निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन गरी कोशी प्रदेशको आर्थिक ऐन, २०८१ ले तोकेको दरमा बिक्री गर्ने गरी तपसिल बमोजिमका नदिरखोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरूले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही बिद्युतीय बोलपत्र पेश गर्नुहुन यो दोस्रो पटकको सार्वजनिक सूचना जारी गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् हुने क्षेत्र | उत्खनन् योग्य परिमाण | न्यूनतम ठेक्का अंक रू. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रू. |
|---|---|---|---|---|---|---|---|
| १. | रा./०३/०८१/०८२ | नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शूल्क असुली सम्बन्धि कार्य | उर्लाबारी नगरपालिकाका प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएको बक्राहा-नुनसरी खोला (प्याकेज(१) बाट बालुवा, ढुंङ्गा, गिटी/मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी। | ५१८५० घन मीटर | १,०१,०५,१२६।० (अक्षरेपी एक करोड एक लाख पाँच हजार एकसय छब्बिस रुपैयाँ मात्र) | कबोल गरेको रकमको ५% | ३,०००।- |
| २. | रा./०४/०८१/०८२ | नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शूल्क असुली सम्बन्धि कार्य | उर्लाबारी नगरपालिकाका प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएको बक्राहा खोला (प्याकेज-२) बाट बालुवा, ढुंङ्गा, गिटी/मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी। | ६६००० घन मीटर | १,१८,८६,९२८।० (अक्षरेपी एक करोड अठार लाख छयासी हजार नौसय अट्ठाइस रुपैयाँ मात्र) | कबोल गरेको रकमको ५% | ३,०००।- |
| ३. | रा./०५/०८१/०८२ | नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शूल्क असुली सम्बन्धि कार्य | उर्लाबारी नगरपालिकाका प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएको बक्राहा खोला (प्याकेज-३) बाट बालुवा, ढुंङ्गा, गिटी/मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी। | २८५०० घन मीटर | ४०,२५,८७६।० (अक्षरेपी चालिस लाख पच्चिस हजार आठ सय छयहत्तर रुपैयाँ मात्र) | कबोल गरेको रकमको ५% | ३,०००।- |

- विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।


रंगशाला

**एएफसी महिला एसियन कप**

# नेपाल कठिन समूहमा

**काठमाडौं (प्रस)–** नेपाल एएफसी महिला एसियन कप २०२६ छनोटमा कठिन समूहमा परेको छ।

एसियाली फुटबल महासंघ (एएफसी)ले मलेसियाको क्वालालम्पुरस्थित एएफसी हाउसमा बिहीबार गरेको समूह विभाजनमा नेपाल फिफा वरीयतामा ५०औं स्थानमा रहेको उज्बेकिस्तानसँगै समूह 'एफ' मा परेको हो।

नेपाल भने वरीयतामा ९९औं स्थानमा छ। नेपाल रहेको समूहमा लाओस र श्रीलंका पनि छन्। लाओस १०७ र श्रीलंका १५८औं स्थानमा छ। यो समूहका खेल उज्बेकिस्तानमा हुने तय छ। दुई समूहमा पाँच टोली र ६ समूहमा चार टोली रहनेछन्। समूह विजेता एएफसी महिला एसियन कप २०२६ को लागि अस्ट्रेलिया जानेछन्।

**प्रधानमन्त्री कप**

# उपाधिका लागि पुलिस र आर्मी भिड्ने




**काठमाडौं (पस)–** नेपाल पुलिस क्लबले पहिलो हार ब्योहोरेको छ। प्रधानमन्त्री कप राष्ट्रिय पुरुष एकदिवसीय क्रिकेट प्रतियोगितामा पुलिसले पहिलो हार ब्योहोरेको हो।

आज भएको दुइ विभागीय टोलीको खेलमा नेपाल पुलिस क्लबलाई ४ विकेटले पराजित गर्दै त्रिभुवन आर्मी क्लब पनि फाइनलमा प्रवेश गरेको छ। लगातार सातौं जीत हासिल गरेको पुलिस एक खेल अगावै फाइनलमा पुगिसकेको छ।

भैरहवाको एक्ट्रेक ओभलमा पुलिसले प्रस्तुत गरेको १४९ रनको लक्ष्य आर्मीले ४१ ओभरमा ६ विकेट गुमाउँदै पूरा गरेको थियो। आर्मीका लागि विवेक यादवले अविजित ४१, तृतराज दासले २५, भीम सार्कीले २३, सन्तोष कार्कीले २२, कप्तान विनोद भण्डारीले अविजित १३ र बसिर अहमदले १२ रज बनाउन सफल भए। पुलिसका लागि ललितनारायण राजवंशीले ४ तथा कप्तान दीपेन्द्रसिंह ऐरी र करण केसीले समान एक एक विकेट लिएका थिए। त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको पुलिसले ४१.४ ओभरमा सबै विकेट गुमाउँदै १४८ रनको योगफल तयार पारेको थियो।

जितसँगै आर्मीले ९ खेलमा १६ अंक जोड्यो। पहिलो पराजय बेहोरेको पुलिसको पनि समान खेलबाट १६ अंक नै रहेको छ। सामान अंक भए पनि नेट रनरेटका आधारमा पुलिस शीर्ष र आर्मी दोस्रो स्थानमा रहँदै फाइनल पुगेका हुन्।


## Musikot Municipality
## Office of the Municipal Executive
**Musikot, Rukum (West)**
**Karnali Province, Nepal**

## Invitation for Online Bids

***Date of Published : 2081.12.14 B.S. (2025.03.27 A.D.)***

Office of the Musikot Municipal Executive, Rukum (West) invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp. Bidder Must pay their Bid Document Fee through Musikot Municipalitie's Internal Revenue Portal or Municipalitie's Internal Revenue Bhauchar or Local Revenue Bhauchar.

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically 12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid Security, NRs. | Account Details | Estimated Amount, (Excluding VAT) NRs. |
|---|---|---|---|---|---|---|---|
| NCB/MM/Ruk.W/W.1S1 E_081/082/11 | Construction of Lok Dohari Pratisthan Building and Art & Culture Museum Management | 3000.00 | 2082.01.14<br>2025.04.27 | 2082.01.14<br>2025.04.27 | 87,000 | Office Code: 801065903<br>Internal Revenue : 07703000001001000001<br>IR Shirshak : 14229<br>Dharauti : 07703000003000000001 | 34,42,878.97 |

**नोट**ः बोलपत्रदाताले बोलपत्र दस्तुर स्थानीय तह राजश्व पोर्टलवाट सिर्जित भौचर मार्फत वा नगरपालिकाको आन्तरिक राजश्व भौचर वा स्थानीय राजश्व भौचर मार्फत जम्मा गर्नुपर्ने छ।

**Chief Administrative Officer**

# पत्रकारलाई रिहा गर्न इस्तानबुलको अदालतद्वारा आदेश

**इस्तानबुल–** टर्कीको अदालतले दशकौंयताकै सबैभन्दा खराब प्रदर्शनको रिपोर्टिङ गरेको आरोपमा पक्राउ परेका एएफपीका एक फोटोग्राफरसहित सात जना पत्रकारलाई बिहीबार रिहा गर्न आदेश दिएको छ । गैरसरकारी संस्था र आन्दोलनको पक्षधर एक वकिलले पत्रकारलाई रिहा गर्न अदालतले आदेश दिएको पुष्टि गरेका छन् ।

प्रदर्शनको रिपोर्टिङ गरिरहेका टर्कीका ११ जना पत्रकार, इस्तानबुलमा आठ जना र इजमिरमा तीन जनासहित एएफपीका फोटोग्राफर यासिन अकगुललाई प्रहरीले पक्राउ गरेको थियो । मंगलबार इस्तानबुलको एक अदालतले अकगुल र अन्य छ जनालाई 'कानुनको बर्खीलाप हुनेगरी' र्‍याली र जुलुसमा भाग लिएको' आरोपमा हिरासतमा राखेको थियो । यो कदमको अधिकारवादी समूह र पेरिसस्थित अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले कडा निन्दा गरेका छन् ।

टर्कीमा गत मार्च १९ मा भएको इस्तानबुलका लोकप्रिय विपक्षी नगरप्रमुख एकरेम इमामोग्लुलाई जेल चलान गरिएपछि टर्कीमा जारी एक साता लामो प्रदर्शनका क्रममा सात पत्रकारसहित सयौं प्रदर्शनकारीलाई सुरक्षा नियन्त्रणमा लिइएको थियो । राष्ट्रपति रेसेप तैयप एर्दोगानको मुख्य राजनीतिक प्रतिद्वन्द्वीका रूपमा हेरिएका ५३ वर्षीय इमामोग्लुको गिरफ्तारीलाई एर्दोगानले आफ्नो नेतृत्वलाई अझ निरंकुश बनाउने संकेत गर्छ । टर्कीका तीन ठूला सहरमा भएको विरोध प्रदर्शन प्रतिबन्धको अवज्ञा गर्दै दिनहुँ ठूलो भीड सडकमा उत्रने गरेको छ भने रातको समयमा हुने जमघटमा पनि दंगा प्रहरीसँग भिडन्त हुने गरेको छ ।

अदालतले सातै जनालाई हिरासतबाट रिहा गर्न आदेश दिएको एमएलएसए अधिकार समूहले बिहीबार जनाएको हो । एएफपीका फोटो पत्रकार ३५ वर्षीय अकगुललाई जेलबाट रिहा गर्ने तयारी भएको उनका वकिलले बताएका छन् । उनले अकगुललाई ससर्त रिहा गर्न दिइएको हो वा आरोप हटाइएको हो भन्ने स्पष्ट नभएको बताए ।

एएफपीका प्रमुख कार्यकारी तथा अध्यक्ष फेब्रिस फ्राइजले अकगुललाई हिरासतमा लिइनु 'अस्वीकार्य' कदम भएको भन्दै उनको पक्राउको निन्दा गरेका थिए । फ्राइजले अकगुल 'प्रदर्शनमा सहभागी नभएको' र पत्रकारको हैसियतमा मात्र समाचार सम्प्रेषण गरेकाले उनलाई तत्काल रिहा गर्न माग गरेका थिए । *रासस⁄एएफपी*

# चीनसँगको सम्बन्ध थप प्रगाढ बनाउने फ्रान्सको तयारी

**बेइजिङ–** फ्रान्सका विदेशमन्त्री ज्याँ नोएल ब्यारोटले बिहीबार चिनियाँ समकक्षी वाङ यीसँग भेट गर्दै भूराजनीतिक संकटको सामना गर्न 'फ्रान्स र चीनबीच सशक्त साझेदारी'का लागि आह्वान गरेका छन् । युक्रेनमा रुसी युद्धको समाधानका साथै मध्यपूर्वको द्वन्द्व र चीन र युरोपेली संघबीचको व्यापार तनावको समाधानमा वार्ता केन्द्रित हुने पेरिसले अपेक्षा गरेको छ ।

ब्यारोटले बिहीबार बिहान बेइजिङमा चीनका उच्च कूटनीतिज्ञ वाङलाई भेटेर भने, 'जताततै संकटको गति तीव्ररूपमा बढिरहेको छ । यतिबेला चीन र फ्रान्सबीचको सहकार्य सशक्त हुनु जरूरी छ ।' कोरियाली प्रायद्वीप र युक्रेनमा बेइजिङ र पेरिसबीच 'मतभेद' रहेको स्वीकार गर्दै उनले भने, 'हाम्रा दुई देशले मिलेर काम गर्नुपर्छ ।'

'राजनीतिक, आर्थिक र सुरक्षा चुनौतीहरूको सामना गर्दै द्रूत गतिमा नयाँ युरोप उदय भइरहेको छ । यसको एकमात्र मार्गनिर्देश रणनीतिक स्वायत्तता हो । यो नयाँ युरोपले आफ्नो रक्षा, ऊर्जा सुरक्षा र भविष्यका प्रविधिहरूमा ठूलो लगानी गरिरहेको छ,' ब्यारोटले भने, 'आफ्नो हित र मूल्यमान्यताको रक्षाका लागि फ्रान्स विशेष सजग रहने छ ।'

भेटमा चिनियाँ कूटनीतिज्ञ वाङले 'अन्तर्राष्ट्रिय परिस्थिति फेरि परिवर्तन भएको र यो अझ अराजक हुने' चेतावनी दिएका थिए । उनले दुवै देशलाई 'बहुपक्षीयताको पालना गर्न' र 'विश्व शान्ति र विकासका लागि मिलेर काम गर्न' आग्रह गरे । ब्यारोटले चीनमा रहेका फ्रान्सेली विदार्थीहरूसँगको भेटमा भने, 'वर्तमान सन्दर्भमा भूराजनीतिक स्थिरता, समृद्धि र हाम्रो ग्रहको भविष्यको सेवामा शक्तिशाली फ्रेन्को-चिनियाँ साझेदारीको पहिलेभन्दा बढी आवश्यकता छ,' उनले विद्यार्थीहरूलाई भने ।

चीनले यस साताको ब्यारोटको भ्रमणले 'अशान्ति र रूपान्तरण'को सामना गरिरहेको विश्वमा दुई देशबीचको सहकार्यलाई अझ प्रगाढ बनाउने आशा व्यक्त गरेको छ । जनवरीमा ह्वाइट हाउसमा फर्केका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पप्रति संकेत गर्दै दुवै पक्षले 'एकपक्षीयता र जंगलको कानुनको पुनरुत्थान' को संयुक्तरूपमा प्रतिरोध गर्ने उपायबारे छलफल गर्ने बताइएको छ ।

## रूसमाथि दबाब

बेइजिङमा उच्च अधिकारीसँगको भेटपछि ब्यारोट चिनियाँ आर्थिक नगरी सांघाइ जान कार्यक्रम रहेको छ । सांघाइमा रहँदा उनले फ्रान्स-चीनबीचको एक व्यापार मञ्चमा भाग लिने र शुक्रबार एयर लिक्विड समूहद्वारा निर्मित हाइड्रोजन उत्पादन प्लान्टको उद्घाटन गर्ने छन् । बेइजिङले यो भ्रमणलाई 'राजनीतिक पारस्परिक विश्वास लाई मजबुत बनाउन' प्रयोग गर्ने बताएको छ ।

फ्रान्स र चीनले हालैका वर्षहरूमा सम्बन्ध बढाउन खोजेका छन्, तर पेरिसले मस्कोसँगको सम्बन्धलाई लिएर बेइजिङको नीति परिवर्तन हुनुपर्ने दबाब दिएको छ । युक्रेनको आक्रमणपछि चीन र रूसबीचको पारस्परिक सम्बन्ध थप बलियो भएको छ । चीनले युक्रेन द्वन्द्वमा आफू तटस्थ रहेको बताएको छ । चीन रुसको घनिष्ठ राजनीतिक र आर्थिक सहयोगी हो र नेटोका सदस्य राष्ट्रहरूले बेइजिङलाई युद्धको 'निर्णायक सहयोगी'को संज्ञा दिएका छन् । *रासस⁄एएफपी*

## Miklajung Rural Municipality
### Office Of Rural Municipal Executive
**Madhumalla, Morang**
**Koshi Province, Nepal**

**Invitation For Bid**

**First Notice: 15th Chaitra 2081 (28th March 2025)**

1.Miklajung Rural Municipality, Office Of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids Under E-Procurement System From Eligible Bidders For The Procurement Of Following Works.

| Contract Identification Number and description of works | Bid Security Amount (NRs) | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Estimated Amount With VAT & P.S |
|---|---|---|---|---|---|
| 7/MRMM/WORKS/SQ/081/82 (Overlay Works In Road East of Miklajung Office) | 50,000 | 1000 | 12:00 noon 13th Aprill 2025 | Sealed Quotation | 19,63,980.15 |

Eligible Bidders May Obtain Further Information And Inspect The Bidding Document From The Ppmo Website Www.bolpatra.gov.np/Egp Or May Visit The Office Of Miklajung Rural Municipality.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
## सघन सहरी तथा भवन निर्माण आयोजना
**झापा**

## बोलपत्र आह्वानको सूचना

**Invitation For Bid (IFB) : 14/2081-82**
**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१५ (2025/03/28)**

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण कार्यको खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक योग्य बोलपत्र दाताहरूबाट E-bidding मार्फत बोलपत्र आहवान गरिएको छ । बोलपत्र सम्बन्धी विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मार्फत Bid Document बाट हेर्न र Download गर्न सकिने छ ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | बोलपत्र जमानत मान्य हुने मिति | लागत अनुमान (भ्याट र कन्टिनजेन्सी. बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र कागजात दस्तुर |
|---|---|---|---|---|---|---|
| 1 | PUDBC/JHAPA/ WORK/NCB/ 72/81-82 | Construction for Dhulabari Vegetable Market- Meat Market Management in Mechinagar Municipality-10, Jhapa. | 120 days from the last date of bid submission | 85,64,750.24 | 2,50,000/- | 3,000/- |
| 2 | PUDBC/JHAPA/ WORK/NCB/ 73/81-82 | Construction of Building of Sahid Tursa Hemram Pratisthan Kankai Municipality-04, Jhapa. | 120 days from the last date of bid submission | 85,63,061.72 | 2,50,000/- | 3,000/- |
| 3 | PUDBC/JHAPA/ WORK/NCB/ 74/81-82 | Integrated Urban Infrastructure Development works in Arjundhara Municipality, Jhapa. | 120 days from the last date of bid submission | Single Stage Double Envelope | 10,00,000/- | 5,000/- |

## बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

**(प्रकाशित मिति : २०८१/१२/१५)**

यस कार्यालयबाट तपसिल बमोजिमको योजनाहरूको बोलपत्र आव्हान गरिएको सूचना बमोजिम **E-GP** मार्फत पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताहरूको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनका लागि बोलपत्र स्वीकृती गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| SN | Contract Id | Project Name | Lowest Responsive Bidder | Bid Amount (Without Vat & With Ps) |
|---|---|---|---|---|
| 1 | PUDBC/JHAPA/ WORKS/NCB/ 67/81-82 | Infrastructure Construction works in Birtamode Municipality, Jhapa. | Capital Technology Multipurpose Construction Yangwarak-1, Panchthar | 69,70,815.35 |
| 2 | PUDBC/JHAPA/ WORKS/NCB/ 68/81-82 | Road Upgradation works in Birtamode-02 from Sahid Marg west Pathibhara Gas to Kankai Municipality Border, Jhapa. | Yagya Nirman & Suppliers Pvt. Ltd. Kankai-08, Jhapa | 62,08,388.00 |

**आयोजना प्रमुख**


**साउदीमा रोजगार** कम्पनी : **MUVI CINEMAS COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/१२/२४ | LT. No. 321225 | चलानी नं. ६०२३५३१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 15 | 0 | 1200 | ४३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २२ गते (4th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.**
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम ईजाजत नं. ३५९/०५९/०६०

**युएइमा रोजगार** कम्पनी : **AL MABIA CONSTRUCTION LLC**

पूर्व स्वीकृति मिति : २०८१/०९/०८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 315868 | चलानी नं. ६०२३०४७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 200 | 0 | 1200 | ४४,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २२ गते (4th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np
Lic No. 1159/074/074

**साउदीमा रोजगार** कम्पनी : **SFECC General Contracting Co. Ltd.**

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321136 | चलानी नं. ६०२३५१९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD LABOUR | 3 | 0 | 1000 | ३६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454,
E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np
श्रम ईजाजत नं. १४००/०७४/०७५

**युएइमा रोजगार** कम्पनी : **City Liner Interior Decoration L.L.C**

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321227 | चलानी नं. ६०२३५२९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Fabricator | 2 | 0 | 1200 | ४४,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male General Cleaner | 8 | 0 | 1000 | ३७,४०५ | | | | | | | |
| 3 | Wall Painter | 2 | 0 | 1200 | ४४,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com
श्रम ईजाजत न ७९७/०६५/०६६

**युएइमा रोजगार** कम्पनी : **ASIA PRIME GENERAL CONTRACTING CO. L.L.C - DUBAI BRANCH**

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321068 | चलानी नं. ६०२३५२८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 1050 | ३९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 50 | 0 | 1200 | ४४,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Star Bridge HR Solution Pvt.Ltd.**
Samakhusi, Town Planning-26, Ktm. Nepal, Tel. No.: +977-01-5919160, E-mail: starbridgehrsolutan124@gmail.com
Govt. License 1592/079/080

**कुवेतमा रोजगार** कम्पनी : **RETAJ BEAUTY LADIES BEAUTY SALON COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321144 | चलानी नं. ६०२३५२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 150 | ६६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MANGO LADIES BEAUTY SALON COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | LT. No. 321145 | चलानी नं. ६०२३५२३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 170 | ७५,७७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Make Up Artist | 0 | 1 | 170 | ७५,७७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २२ गते (4th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082
**Sultan Gulf Oversease Pvt. Ltd.**
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com

**साउदीमा रोजगार** कम्पनी : **FSF Infrastructure Private Limited Company**

पूर्व स्वीकृति मिति : २०८१/१२/११ | LT. No. 320983 | चलानी नं. ६०२३५३०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 1 | 0 | 1800 | ६५,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 15 | 0 | 1000 | ३६,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २२ गते (4th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951
श्रम ईजाजत नं. ७९४/०६५/०६६

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७३५०० | प्रति तोला – ० | प्रति तोला – १९९० |

बजेट छलफल

## कार्यान्वयनयोग्य योजना प्रस्ताव गर्न अर्थमन्त्री पौडेलको आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका सम्बन्धमा बिहीबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालसँग छलफल गरेको छ ।

मन्त्रालयसँगको छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेटको अंकभन्दा नीतिगत रूपान्तरणलाई प्राथमिकतामा राख्न आग्रह गरे । उनले संघीयताको मूल मर्म र भावना, संघ, प्रदेश र स्थानीय तहको भूमिका, प्रदेश र स्थानीय तहको भूमिका अनुसार संघमा रहेका कार्यक्रम तथा आयोजनाको हस्तान्तरण, तीनै तहका सरकारबीचको समन्वय र साझेदारीलाई बजेटमा सम्बोधन गर्नुपर्नेमा जोड दिए । प्रदेश र स्थानीय तहले गर्ने काम संघीय सरकारले गर्दा संघीयता बलियो नहुने उनको भनाइ छ ।

अर्थमन्त्री पौडेलले विगतका सबै कार्यक्रम र योजनाको समीक्षा गरी संघीय योजनामा केन्द्रित हुन, कार्यक्रम तथा योजना रोक्न, घटाउन, समायोजन गर्न, अत्यावश्यक कार्यक्रमलाई निरन्तरता दिन र परिवर्तित समयअनुसार जनता केन्द्रित कार्यक्रम तथा योजना समावेश गर्न आग्रह गरे । उनले रु तीन करोडभन्दा कमका आयोजना समावेश नगर्न पनि अनुरोध गरे ।

अर्थमन्त्री पौडेले अध्ययन र कार्यान्वयनमा जाने योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गर्न पनि जोड दिए । कार्यक्रम तथा योजना पेस गर्दा रकमान्तर र शोधान्तर गर्न नपर्ने गरी यथार्थपरक प्रस्ताव पेस गर्न उनले आग्रह गरे ।

उपलब्ध साधनस्रोतलाई ख्याल गर्दै जनताको आंकाक्षा र राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्नेगरी अनुशासित र यथार्थपरक बजेट आउने अर्थमन्त्रीको भनाइ छ । दुईदिन अघि अर्थ मन्त्रालयले विषयगत मन्त्रालयसँग छलफल गरी बजेट विनियोजनाका साथै पुँजीगत खर्चमा विशेष ध्यान दिन आग्रह गरेको थियो ।

अर्थ मन्त्रालयले राष्ट्रिय योजना आयोगसहित सम्बन्धित मन्त्रालयसँग छुट्टाछुट्टै छलफल गर्दै आएको छ । तीन पक्षबीचको समन्वयमा कार्यक्रम र बजेट आउँदा कार्यान्वयनमा अपनत्व बढ्ने र उचित परिणाम देखा पर्ने अर्थ मन्त्रालयले जनाएको छ ।

अर्थ मन्त्रालयले यसअघि भौतिक, सहरी विकास, सञ्चार, शिक्षा, रक्षा, गृह, खेलकुद, भूमि सुधार, कृषि, खानेपानी, संघीय मामिला, उद्योग, स्वास्थ्य, ऊर्जा, महिला तथा बालबालिका मन्त्रालयसँग छलफल गरेको थियो । आगामी बजेटका सम्बन्धमा बाँकी मन्त्रालयसँग पनि छलफल गर्ने अर्थ मन्त्रालयको कार्यक्रम छ ।

## नेपालको जलविद्युत्मा लगानी गर्न भारतीय ठूला कम्पनी तयार

■ प्रभाव संवाददाता



**काठमाडौं–** लगानी र प्रतिफल सुनिश्चित भएमा भारतीय व्यापारिक घरानाले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आफूहरू तयार रहेको बताएका छन् ।

भारतस्थित नेपालको राजदूतावास र भारतीय हरित ऊर्जा महासंघको संयुक्त आयोजना तथा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान) को संस्थागत सहभागितामा नयाँ दिल्लीमा आयोजित 'नेपाल-भारत इनर्जी समिट'मा सहभागी भारतका व्यावसायिक घरानाले, नेपालमा भारतीय लगानीको नीतिगत सुरक्षा हुनुपर्नेमा जोड दिए । उनीहरूले लगानी गरेपछि प्रतिफलको सुनिश्चितता, सहज रूपमा लगानी फिर्ता लिन पाउनुपर्नेलगायत जलविद्युत् आयोजनाले सामना गर्नुपरेका समस्या समाधानमा सरकारले सहजीकरण गर्नुपर्ने बताएका हुन् ।

नेपालमा ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभीएन) का आयोजना निर्देशक सुशील शर्माले नेपालमा काम गर्न वन, जग्गा प्राप्ति, भन्सार र सडकको समस्या रहेकाले ती समस्या समाधानमा सरकारले सहजीकरण गरिरहेको उल्लेख गरे ।

एसजेभीएनले २१७ किलोमिटर लामो प्रसारणलाइन निर्माण गरिरहेको र सरकारको सहयोग रहेकाले ९०० मेगावाटको आयोजना तीन वर्षमै ८४ प्रतिशत सम्पन्न भएको उनको भनाइ छ । अरुण-३ मा ३४ हजार करोड भारतीय रूपैयाँ लगानी गरेर २५ वर्षपछि सरकारलाई हस्तान्तरण गरिने भएकाले यसले नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुग्ने उनको दाबी थियो । यो आयोजनाले भारतीय लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने शर्माले बताए ।

अडानी ग्रुपका उपाध्यक्ष जयरमन पुनिधानले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न कम्पनीले राम्रा आयोजनाको खोजी गरिरहेको बताए । विश्वभर २७ हजार ३०० मेगावाट विद्युत् उत्पादनका लागि अडानी ग्रुपले 'एमओयू' गरेको जानकारी दिँदै उनले अडानीको प्राथमिकतामा छिमेकी मुलुक र क्षेत्रीय ऊर्जा बजार रहेको उल्लेख गरे ।

भारतीय ऊर्जा मन्त्रालयका अतिरिक्त सचिव आकाश त्रिपाठीले नेपाल र भारतबीच एक हजार मेगावाट विद्युत् आदानप्रदानको संरचना तयार भइसकेको र आठ हजार मेगावाट विद्युत् आदानप्रदान गर्ने क्षमताका चारवटा प्रसारणलाइन निर्माणाधीन भएकाले नेपालमा उत्पादित विद्युत् भारत निर्यातका लागि समस्या नहुने बताए । उत्तर भारत हाइड्रोपावर कम्पनीका कार्यकारी निर्देशक नरेश गोयलले नेपाल सरकारले प्रशासनिक अवरोध हटाएर लगानीको वातावरण बनाइदिएमा भारतीय लगानीकर्ता नेपालमा लगानी गर्न तयार रहेको बताए ।

भारतका लागि नेपाली राजदूत डा शंकर शर्माले नेपाल सरकारले अघि सारेको सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादनको लक्ष्य प्राप्तिका लागि दूतावासले सम्मेलन आयोजना गरेको बताए । उनले भारतीय लगानीकर्ताले नेपालमा आयोजनाको स्वामित्व किनेर वा 'जोइन्ट भेन्चर'मा पनि काम गर्न सक्ने जानकारी दिए ।

## साताको अन्तिम दिन ४१ अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** यो साता कारोबारको अन्तिम दिन पुँजीबजारमा उल्लेख्य सुधार देखिएको छ । बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४१ दशमलव ४३ अंकले बढेर दुई हजार छ सय ६३ दशमलव ३० को विन्दुमा कायम भएको हो । यो एक दशमलव ५८ प्रतिशतको वृद्धि हो ।

तीन सय नौ कम्पनीको ९७ लाख ७२ हजार एक सय ९६ कित्ता शेयर ५५ हजार चार सय ४२ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब २२ करोड ३० लाख ८३ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सबै समूहको उपसूचक हरियो देखिएको छ । व्यापार समूह सबैभन्दा बढी छ दशमलव नौ प्रतिशतले बढेको छ ।

बैंकिङ शून्य दशमलव ९०, विकास बैंक एक दशमलव १०, वित्त एक दशमलव ३०, होटल तथा पर्यटन शून्य दशमलव ४४, जलविद्युत् एक दशमलव शून्य नौ र लगानी समूह दुई दशमलव २० प्रतिशतले बढेको छ ।

त्यस्तै जीवन बिमा एक दशमलव ७१, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९२, लघुवित्त दुई दशमलव २२, म्युचुअल फण्ड शून्य दशमलव ३७, निर्जीवन बिमा शून्य दशमलव ८५ र अन्य समूह एक दशमलव ७४ प्रतिशतले बढेको छ ।

कर्पोरेट

### ग्लोबल आइएमई बैंक र आईएफसीबीच सम्झौता




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) बिच डिजिटल वित्तीय सेवा तथा एम्बेडेड फाइनान्स मोडलहरू अगाडि बढाउन एड्भाइजरी सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौतामा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र आईएफसीको तर्फबाट एफआईजी, एशिया र प्यासिफिक रिजनल इन्ड्रष्टी डाइरेक्टर एलेन फोर्लेमुले हस्ताक्षर गरेका छन् । यस सम्झौताअनुसार, विश्व बैंक समुहअन्तर्गत रहेको आईएफसीले ग्लोबल आइएमई बैंकको डिजिटल रूपान्तरण तथा डाटा म्याचुरिटि मूल्यांकन गर्ने, सुधार गर्न आवश्यक रहेका क्षेत्रहरू पहिचान गर्ने र बैंकको डिजिटल बैंकिङ क्षमता अभिवृद्धि गर्नका लागि रणनीतिक सुझाव प्रदान गर्नेछ ।

साथै, आईएफसीले एम्बेडेड फाइनान्स मोडेलहरू प्रवर्द्धन गर्न फिनटेकको सम्भाव्यता अध्ययन गरी ग्लोबल आइएमई बैंकलाई सल्लाह प्रदान गर्नेछ । यस समझदारीपश्चात् बैंकमा उपलब्ध विभिन्न सेवा तथा सुविधाहरूलाई रूपान्तरण गरी नवीन र प्रविधीमैत्री सेवाहरू विकास गर्न सहज हुने विश्वास बैंकले लिएको छ ।

ग्लोबल आइएमई बैंकले आफ्नो ग्राहकहरूलाई अन्तर्राष्ट्रिय स्तरको डिजिटल बैंकिग सेवा प्रदान गर्न प्रतिबद्ध रहेको जानकारी दिदै यस सम्झौताले बैंकको डिजिटल बैंकिङको प्रवर्द्धनमा सहयोग पुग्नुका साथै फिनटेकमा नयाँनयाँ विकास र प्रयोग गर्न सहयोग पुग्ने बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले बताए । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

### माछापुच्छ्रे र एनसीएचएलबीच साझेदारी सम्झौता

**काठमाडौं (प्रस)–** सिटिटेक ग्रुप प्रा.लि.ले नेपालको पहिलो 'एकीकृत भुक्तानी संयोजन प्रणाली तथा व्यवसायी व्यवस्थापन सफ्टवेयर' 'गेटपे'लाई नेपाल क्लियरिङ हाउस लिमिटेडसँगको सहकार्यमा, माछापुच्छ्रे बैंक लिमिटेडमा सफल भुक्तानी व्यवस्थापन शुभारम्भ गरी ऐतिहासिक उपलब्धि हासिल गरेको छ ।

सिटिटेक ग्रुप डिजिटल भुक्तानी प्रणालीमा क्रान्तिकारी परिवर्तन ल्याउने संस्थाको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ । यस संस्थाले हाल सम्म फिन-प्रो तथा फिन-पस जस्तो नवीनतम सफ्टवेयर ल्याएर नेपालमा पहिले नै आफ्नो बर्चस्व कायम गरिसकेको छ । हाल सञ्चालनमा आएको गेटपे बैंक तथा वित्तीय संस्थाहरूलाई एकीकृत भुक्तानी प्रणालीमार्फत भुक्तानी संरचना सरल बनाउने, व्यवसायी व्यवस्थापन गर्ने र नयाँ भुक्तानी माध्यमहरूलाई छोटो समयमा एकीकृत गर्न सक्षम बनाउने प्लेटफर्म हो । व्यवसायीहरूका लागि यो प्लेटफर्मले सबै कारोबारहरूको एकै स्थानबाट अनुगमन गर्ने, सुविधा दिने तथा फरक भुक्तानी प्रणालीहरूलाई एकीकृत प्रणालीमा ;मायोजन गर्नेछ । आधुनिक प्रविधि मार्फत वास्तविक समयमै कारोबार पूरा गर्ने क्षमताले गेटपेलाई अधिक कार्यकुशल, लागत-प्रभावी र डिजिटलमैत्री साधन बनाएको छ ।




एकै पटकमा धेरै भुक्तानी माध्यममा गेट्पेको पहुँच स्थापना हुने हुँदा जटिल भुक्तानी प्रणाली सहज हुनेछ । यो प्लेटफर्मले फरक भुक्तानी गर्ने माध्यमहरूलाई लागत-प्रभावी र भरपर्दो च्यानलमार्फत गतिशील रूपमा पठाउने सुविधा प्रदान गर्छ, जसले प्रयोगकर्तालाई छिटो, सजिलो र सहज भुक्तानीको अनुभव प्रदान गर्दछ । यसको नौलो प्रबिधि संरचनाले बैंकहरूलाई नयाँ भुक्तानी माध्यमहरू एकीकृत गर्न र बदलिंदो बजारको माग अनुसार सेवा प्रदान गर्न मद्दत गर्दछ ।

सहकारीका गतिविधिबारे सचेत बनौं

- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरूसँग आर्थिक कारोबार नगरौं,
- एक परिवारका एकभन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नबसौं,
- सञ्चालकहरूलाई सहकारीको कर्मचारीको रूपमा नराखौं,
- नियमित रूपमा सहकारी संस्थाको साधारणसभा र लेखापरिक्षण गराऔं,
- सहकारी संस्थाको सञ्चालन तथा कारोबारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिबारे सदस्यहरु सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ